आज मिति २०७८ साल माघ महिनाको २७ गते बिहान ठिक ८ बजे यस बारेकोट गाउँपालिका, गाउँ कार्यपालिका अध्यक्ष श्री महेन्द्र बहादुर शाह ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

तपसिल

| क्र.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| २. | श्री ओमा शाही | उपाध्यक्ष | |
| ३. | अजविर सिँह | सदस्य गाउँ कार्यपालिका | |
| ४. | लालभक्त सिँह | सदस्य गाउँ कार्यपालिका | |
| ५. | मनबहादुर शाही | सदस्य गाउँ कार्यपालिका | |
| ६. | सिर्जना बस्नेत | सदस्य गाउँ कार्यपालिका | |
| ७. | कर्णे कामी | सदस्य गाउँ कार्यपालिका | |
| ८. | बसन्त शाही | सदस्य गाउँ कार्यपालिका | |
| ९. | शशीराम गौतम | सदस्य गाउँ कार्यपालिका | |
| १०. | द्वारिका प्रसाद बुढा | सदस्य गाउँ कार्यपालिका | |
| ११. | तिले महतारा | सदस्य गाउँ कार्यपालिका | |
| १२. | धनविर कामी | सदस्य गाउँ कार्यपालिका | |
| १३. | ऐन बहादुर परियार | सदस्य गाउँ कार्यपालिका | |
| १४. | ममिता पुन(घर्ती) | सदस्य गाउँ कार्यपालिका | |
| १५. | शिला सार्की | सदस्य गाउँ कार्यपालिका | |
| १६. | सुन्दरी सार्की | सदस्य गाउँ कार्यपालिका | |
| १७. | देउमा बुढा | सदस्य गाउँ कार्यपालिका | |
| १८. | गोबिन्द बहादुर सिंह | सदस्य सचिव गा. का. पा. | |

आमान्त्रित

| | | | |
|---|---|---|---|
| १. | मैम बोहरा | का.वा. अध्यक्ष वडा नं. ४ | |
| २. | देव बहादुर चलाउने | का.वा. अध्यक्ष वडा नं. ६ | |
| ३. | कृष्ण बहादुर रावल | वडा सदस्य वडा नं. ८ | |

बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लिम्सा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

गोविन्द बहादुर सिंह
नि.प्रमुख प्रशासकिय अधिकृत

**निर्णय नं.: १**

कर्णालीप्रदेश सरकार मूख्यमन्त्रीतथामन्त्रिपरिषदको कार्यलय प्रदेश तथा स्थानियशासन सहयोग कार्यक्रमप्रदेश कार्यक्रमकार्यान्वयनइकाई द्धारा मिति २०७८ माघ २१ गते प्रकाशित सूचनाअनुसार यस गाउपालिकाबाट **नवप्रर्वद्धन साझेदारी कोष मार्फत परियोजना** सञ्चालनको लागिनबप्रर्वतन साझेदारी कोष कार्यान्वयननिर्देशिका, २०७८ को दफा–६, को उपदफा–१, बमोजिमको अनुसूचि–१,अनुसार तपसिलका क्षेत्रको परिधीभित्र रहेर अवधारण पत्र पेश गर्ने निर्णय गरीयो ।

**तपसिल**

१.बिद्युतीय सुशासन क्षेत्र
२. सूचनाप्रविधिको प्रयोगमा रहीतथ्यमाआधारीत निर्णय प्रक्रिया
३.सार्वजनिक सेवामा एकद्धार प्रणाली
४.सूचनाप्रविधि र सार्वजनिक सूचनामाजनताको पहुँच वृद्धि
५.स्थानिय सेवाप्रवाह
६.स्थानियतहको वित्तीय सुशासनका क्षेत्र
७.एकिकृत स्थानियविकास योजनाका संभागहरु

**निर्णय नं.: २**

नेपाल सरकार संघिय मामिलातथा सामान्य प्रशासन मन्त्रालय स्थानीय पूर्वाधार विभाग उच्च पहाडी एवं महिमाली क्षेत्र समृद्धि कार्यक्रम श्रीमहल, पुल्चोक ,ललितपुरद्धारा मिति २०७८ माघ १७ गते प्रकाशित सूचना अनुसार **उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम** सञ्चालन कार्यविधि २०७८ को अनुसूचि–१,मा उल्लेख भएअनुसार कार्यबिधिको अनुसूचि–२,बमोजिम यस गाउँ पालिकाद्धारा कार्यक्रम संचालनका लागि कार्यबिधिको दफा,८ को उपदफा,१ र उपदफा,३ बमोजिम तथा कार्यबिधिको दफा ७ को उपदफा २.१ अनुसार चालु आ.व. २०७८/०७९ र आगामी आ.व. २०७९/०८० को लागी आयोजना सञ्चालनका लागि प्रथामिकताक्रमका आधारमा तपसिलका आयोजनाहरुको प्रस्ताव पेस गर्ने निर्णय गरीयो ।

**तपसिल :**

आ.व. २०७८/०७९ मा सञ्चालन हुने योजनाहरु :

१. काउली-कार्कीज्युला-६ नं. वडा कार्यालय धुमा साना सडक स्तरोन्नती,
२. कार्कीज्युला-७ नं. वडा कार्यालय हुँदै लुहाग साना सडक स्तरोन्ती,
३. गाउँपालिका केन्द्र-२ नं. वडा कार्यालय हुँदै मुलसाम सम्म साना सडक स्तरोन्नती

आ.व. २०७९/०८० मा सञ्चालन हुने योजनाहरु :

१. गाउँपालिका केन्द्र, कोटिली हुँदै १ नं. वडा कार्यालय जोड्ने साना सडक स्तरोन्नती,
२. ९ नं. वडा कार्यालय देखि रानीचौर सडक सक्ला साना सडक स्तरोन्ती,
३. सुवा खोला द्वारे साना सडक स्तरोन्नती

**निर्णय नं.:३**

कर्णालीप्रदेश सरकारको आगामीआर्थिक बर्ष २०७९/०८० कालागि स्थानियतह र कर्णालीप्रदेश सरकारबाट समपुरक तथाबिशेष अनुदानअर्न्तगत सञ्चालनगरिने आयोजनाकार्यक्रमकालागिमिति २०७८ माघ २४ गते प्रकाशित सुचनाअनुसार कर्णालीप्रदेश समपुरक अनुदान सम्बन्धिकार्यबिधि, २०७५ ( चौथो संशोधन समेत) र कर्यालीप्रदेश बिशेष अनुदान सम्बन्धीर्कायबिधि,२०७५ (संशोधन समेत) तपसिलकाआयोजनाहरु संञ्चालनकालागि यस गाउपालिकामार्फत प्रस्तावना पेश गर्ने निर्णय गरीयो ।

**तपसिल**

समपुरक अनुदानतर्फ:

१.सिलिंगीचौर देखि करुकासम्म सडकबारेकोट ५ र ६

२.हानीसल्ला देखि  लिम्सा सडक बारेकोट १
३. ३ नं. वडा कार्यालय देखि मुल्साम सम्म सडक निर्माण बारेकोट २
४. लिम्सा देखि सेरी सडक बारेकोट २

बिशेष अनुदान तर्फ:
१. स्वास्थ्यचौकी सिलिंगीचौर बारेकोट ५
२. सेपुखोला बेलिबृच निर्माण बारेकोट ८
३. काउली खोला बेलिबृच निर्माण बारेकोट ६

निर्णय नं.: ४

यस गाउपालिकामा स्नातक तह सञ्चालनका लागि त्रिभुवन बिश्व बिद्यालय र मध्यपश्चिम बिश्व बिद्यालय समेत अनुमति दिन रोक लगाएको सन्दर्भमा यस गाउपालिकामा जनतामाग र भुगोलको आबश्यकतालाई मध्यनजर गरी प्रदेश तथा संघिय सरकार संग समन्वय गरी आगामि शैक्षिक शत्र देखी स्नातक तहको अनुमति यसपालिकाको नाममा प्राप्त गरी पठनपाठन संचाल गर्नका लागि पालिका स्तरीय समन्वय तथा सहजिकरणका लागि तपसिल अनुसारको समिति गठन गरी देहाय अनुसारको कार्यविवरण भित्र रहि आवश्यक प्रक्रियाका आगाडी बढाउ निर्देशन दिने निर्णय गरियो ।

तपसिशल

| | |
|---|---|
| १. गाउपालिका अध्यक्ष | संयोजक |
| २. गाउपालिका उपाध्यक्ष | सदस्य |
| ३. सम्बिन्धित वडा अध्यक्ष | सदस्य |
| ४. नेपाली काँग्रेस पालिका सभापति | सदस्य |
| ५. नेकपा एमाले पालिका अध्यक्ष | सदस्य |
| ६. नेकपा माओवादी केन्द्र पालिका अध्यक्ष | सदस्य |
| ७. बिरेन्द्र ऐश्र्वर्य मा.बि. प्र.अ. | सदस्य |
| **८. कार्यपालिकाका सदस्यहरु मध्येबाट १** | |
| ( **वडा नं.** ९ बाट प्रतिनिधित्व गर्ने ) | सदस्य |
| ९. शिक्षा अधिकृत | सदस्य सचिब |

कार्यविवरण

१. स्नातक तह संचालनका लागि प्रदेश तथा संघिय सरकार तथा सरोकारवाला निकायहरु संग आवश्यक समन्वय गर्ने,
२. क्याम्पसको नामकरण गर्ने
३. क्याम्पस संचालनका लागि आवश्यक स्थान, भवन र बजेटको उचित प्रबन्ध गर्ने ।

निर्णय नं.: ५

यस बारेकोट गाउँपालिका भित्रमा भौगोलिक बिकटताका कारणले वडा बिभाजन गर्नका लागि तपशिल बमोजिमका वडाहरुको नक्सा आवश्यक पर्ने भएकाले वडाको सिमाना खुल्ने गरी वडाको नक्सा उपलब्ध गराई दिनका लागि नापी कार्यालय जाजरकोटलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल
साबिकको रामीडाँडा गा.बि.स वडा नं. १,२,४,६ र वडा नं. ३,५,७,८,९

गोविन्द बहादुर सिंह
प्रमुख प्रशासकिय अधिकृत

साबिकको रोकायगाउँ गा.बि.स वडा नं. १,२ र वडा नं. ३,४

**निर्णय नं.: ६**

मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय बीरेन्द्रनगर सुर्खेतको च.न. ९०७ मिति २०७८।०९।२७ गतेको प्राप्त पत्र अनुसार गाउँपालिकाको वडा नं. १ र ३ का वडाहरु बिभाजन भए पछि थप भएका वडाहरुमा लाग्ने बार्षिक अनुमानित लाग्ने सक्ने आर्थिक दायित्व यस गाउँपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने प्रतिबद्धता व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं.: ७**

कोभिड १९ का कारण बन्दाबन्दीमा रहेका यस बारेकोट गाउँपालिका जाजरकोटका सामुदायिक विद्यालयहरु आगामी फागुन १ गतेदेखि नियमित रुपमा भौतिक रुपमा संचालन गर्ने निर्णय पारीत गरियो ।

**निर्णय नं.:८**

राष्ट्रिय परिचयपत्र तथा पन्जीकरण विभागको मिति २०७८।०९।२७ गतेको पत्रानुसार यस बारेकोट गाउँपालिकामा कार्यरत एम.आई.एस. अपरेटर र फिल्ड सहायकहरुको तलव आगामी आर्थिक वर्षबाट ६ महिना बराबरको रकम पालिकाबाट साझेदारी गर्ने प्रतिबद्धता गर्ने निर्णय पारीत गरियो ।

**निर्णय नं.: ९**

यस बारेकोट गाउँपालिका जाजरकोटको पन्जीकरण शाखामा कार्यरत एम.आई.एस. अपरेटर र फिल्ड सहायकहरुलाई नियमानुसारको स्थानिय भत्ता आगामी फागुन महिना देखि व्यवस्था गर्ने निर्णय पारीत गरियो ।

**निर्णय नं.: १०**

यस बारेकोट गाउँपालिकाका विभिन्न हेल्भेटास नेपालको सहयोग र पहाडी क्षेत्र विकास अभियान जाजरकोटको प्रविधिक सहयोगमा चालु आ.व. मा सञ्चालित खानेपानी योजनाहरुको समपुरक कोष वापतको रकम यस गाउँपालिकाले यसै आ.व.मा भुक्तानी गर्नु पर्ने भएकोमा बजेट अभावका कारण उक्त रकम उपलब्ध गराउन समस्या भएको हुदा तपशिलका योजनाहरुमा संघीय सरकार र प्रदेश सरकार सँग समपुरक कोष बापतको रकम माग गर्ने र आगामि आ.व. का लागि प्रस्तावित योजनाहरुको समपुरक कोष बापतको रकम गाउँपालिकाले आगामी आ.व.मा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**तपशिल**

चालु आ.व. मा सञ्चालनमा रहेका अयोजनाहरु :

| योजनाको नाम | वडा नं. | घर धुरी | जनसँख्या | हेल्भेटास नेपाल | | | संघीय तथा प्रदेश सरकार | समुदाय | निजी | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | नगद | सामाग्री | जम्मा | | | | |
| बागडोरा सिनाकोट खापा योजना | १ | ३१ | १८२ | ८३४०१५ | ६९४४९५ | १५२८५१० | ६०५७१७ | ३१२५६१ | ३०५१४४ | २७५१९३२ |
| सक्ला | ९ | १४१ | ७७७ | १००८०६३ | ३३७४६२८ | ४३८२६९१ | १९२७३६६ | १३०६१०४ | ११२६३७६ | ८७४२५३८ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | खानेपानी योजना | | | | | | | | | | |
| ३ | लैखम खानेपानी योजना | ८ | ७१ | ३३० | ७३००९९ | १४८८६०६ | २२१८७०७ | ९११५९१ | ६८३४५५ | ४८९११४ | ४३०२९४७ |
| ४ | सॉंगुतरा चौखेढुंगा खानेपानी योजना | ८ | ९७ | ५३३ | ५५२३२४ | १८७३६३१ | २४२५९५६ | १०३७७८७ | ९२७५७१ | ४४५५३० | ४८३६८४५ |
| ५ | बल्लेपाटा बन्डाला खानेपानी योजना | ८ | १६९ | ९१५ | २०३०९६५ | ४५५१७२५ | ६५८२६९० | २५८३३८० | २००९४०४ | १६८४५९ ४ | १२८६००६८ |
| ६ | मुलसाम खानेपानी योजना | ३ | ८७ | ५१३ | १०६४३०९ | १९९७४५९ | ३०६१७६८ | ११६७४६४ | ६८६३३८ | ८६६६८१ | ५७८२२५२ |
| ७ | तल्लो नायकबाडा खापा योजना | ५ | ६६ | ३०४ | १२०२०९० | २१०१७९९ | ३३०३८८९ | ११८३२१५ | ६३८९४६ | ५५३८०८ | ५६७९८५९ |
| | | जम्मा | १११५ | ३३८६ | ७४२१८६६ | १६०८२३४६ | २३५०४२१२ | ९४१६५२० | ६५६४३८१ | ५४७१३२८ | ४४९५६४४१ |

निर्णय नं.: ११

आ.ब. २०७७०७८ को स्थानिय तह संस्थागत क्षमता स्वमूल्यांकन ( LISA ) को नतिजालाई अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरीयो ।

निर्णय नं. १२ मा छलफल गर्दा मे.ले.प. फारम नं. ४७ मा आम्दानी बाधिएका तपशिल बमोजिमका खर्च भएर नजाने सामानहरु वडा नं. ३,५, र ६ मा घटेका घटनाहरुको प्रहरी मुचुल्काको आधारमा र पालिकाका सामानहरु हेर्दा काम नलाग्ने र आ.व २०७७०७८ को निन्सि निरिक्षण समितिले मिनाह गर्ने रिर्पोटको आधारमा खर्च भएर नजाने जिन्सि खाताबाट घटाउने गरि मिनाह गर्ने निर्णय गरियो ।

| सि.नं. | विवरण | स्पेसिफिकेशन | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नं. ३ | | | | आगलागी भएको |
| १ | अफिस टेबल | | | १ | आगलागी भएको |
| २ | Laptop Dell | i5 | pc | १ | आगलागी भएको |
| ३ | Printer | Epson110 | | १ | आगलागी भएको |
| ४ | रिवल्बिन कुर्ची | | | २ | आगलागी भएको |
| १ | वडा नं. ५ | | | | |
| १ | ल्यापटप | Dell | | १ | आगलागी भएको |
| ३ | वडा नं. ६ | | | | |
| १ | ल्यापटप | Dell | | | चोरी भएको |
| | पालिका | | | | |
| १ | सोलार पाता | १५० वाट | | २ | पशुपंक्षी शाखामा राति फटाइदिएको |
| २ | स्टिल दराज | | | ५ | गा.वि.स. खरिद काम नलाग्ने १ उपाध्यक्ष |
| | प्रिन्टर | ३११० | | ३ | गा.वि.स खरिदकाम नलाग्ने |
| | प्रिन्टर | lbp 2900 | | ३ | गा.वि.स खरिद काम नलाग्ने |
| | स्टिल गिलास | | | ३३ | गा.वि.स खरिद काम नलाग्ने |
| | कुकर | २ लिटर | | ३ | गा.वि.स खरिद काम नलाग्ने |
| | कुकर | ५ लिटर | | १ | गा.वि.स खरिद काम नलाग्ने |
| | स्टिल थाली | | | १८ | गा.वि.स खरिद काम नलाग्ने |
| | कचौरा | | | २४ | गा.वि.स खरिद काम नलाग्ने |
| | चम्चा | | | २४ | गा.वि.स खरिद काम नलाग्ने |
| | ग्यास सिलिन्डर | | | १ | कोरनाको बेला खलंगाबाट नआएको |
| | ब्याट्री १०० वाट | | | ४ | गा.वि.स खरिद काम नलाग्ने |
| | सोलार बल्ब | | | २० | गा.वि.स खरिद काम नलाग्ने |
| | रिभल्बिन कुर्ची | | | ३ | गा.वि.स खरिद काम नलाग्ने |
| | पलास्टिक कुर्ची | | | ७२ | गा.वि.स खरिद काम नलाग्ने |
| | कुकर | १० लिटर | | १ | कोरना खलगाबाट नआएको |
| | एसर ल्यापटप | | | २ | काम लाग्ने भएका गाबिस खरिद |
| | डेल ल्यापटप | | | ३ | काम लाग्ने भएका गाबिस खरिद |
| | अफिस टेबल | | | १ | काम लाग्ने भएका गाबिस खरिद |

**निर्णय नं.: १३**

कर्णालीप्रदेश सरकार मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलय प्रदेश तथा स्थानियशासन सहयोग कार्यक्रम, प्रदेश कार्यक्रम कार्यान्वयन इकाई द्धारा सञ्चालन हुने नवप्रवर्तन साझेदारी कोष परियोजना सञ्चालनको लागि नवप्रर्वतन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा–१६ (ज), अनुसार तपशिल बमोजिम **नविनतम साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति** गठन गर्ने निर्णय गरीयो ।

**तपशिल**

१.गाउँपालिका अध्यक्ष (संयोजक)
२. गाउँपालिका उपाध्यक्ष (सदस्य)
३. प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव)

**निर्णय नं.: १४**

कर्णाली प्रदेशसरकार मूख्यमन्त्री तथा मन्त्रि परिषदको कार्यलय प्रदेश तथा स्थानिय शासन सहयोग कार्यक्रम, प्रदेश कार्यक्रम कार्यान्वयन इकाई द्धारा सञ्चालन हुने नवप्रवर्तन साझेदारी कोष कार्यक्रम कार्यान्वयनको लागि नबप्रर्वतन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा–१६ (क), अनुसार यस कार्यालयमा कार्यरत (क.सं.न. २४१८२६) का खिमबहादुर रोकायालाई सम्पर्क व्यक्तीतोक्ने निर्णय गरीयो ।

**निर्णय नं.: १५**

कर्णाली प्रदेशसरकार मूख्यमन्त्री तथा मन्त्रि परिषदको कार्यलय प्रदेश तथा स्थानिय शासन सहयोग कार्यक्रम, प्रदेश कार्यक्रम कार्यान्वयन इकाई द्धारा सञ्चालन हुने नवप्रवर्तन साझेदारी कोष कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने साझेदारी कोष नबप्रर्वतन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा–२२, उपदफा (१) (क), बमोजिम लागत साझेदारीको लागि प्रतिवद्धता गर्ने निर्णय गरीयो ।

**निर्णय नं.: १६**

गत आ.व. २०७७/०७८ को असार देखि चालु आ.व. २०७८/०७९ को असोज महिना सम्म विभिन्न समयमा बाढी पहिरो आइ यातायात अवरुद्ध भएका बारेकोट गाउँपालिका अन्तरगत तपशिल बमोजिमका सडकहरुको पहिरो पन्छाउने काम सम्पन्न भएको तर बजेट अभावका कारण यस पालिकाबाट रकम भुक्तानी गर्न नसकीएकोले कर्णाली प्रदेश सरकार भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयमा अन्तरगत भौतिक पूर्वाधार विकास कार्यालय जाजरकोटमा रकम मागका लागि अनुरोध गर्ने निर्णय गरीयो ।

तपसशलि

१. वडा नं. ४ दह देखि जिरी गोठगाउँ हुँदै भगवति मा.वि. सम्म।
२. कार्की ज्युला देखि ६ नं. वडा कार्यालय घर्तिगाउँ सम्म।
३. वडा नं. ५ को गैरी गाउँ पाखा सम्मको सडक
४. कार्की ज्युला सुवाकोट देखि ७ नं वडा कार्यालय सम्म